नेपाल सरकार

अर्थ मन्त्रालय

# आन्तरिक राजस्व विभाग

## विद्युतीय सेवा कर (डिजिटल सर्भिस ट्याक्स) सम्बन्धी कार्यविधि, २०७९ र गैरबासिन्दा व्यक्तिले प्रदान गर्ने विद्युतीय सेवामा मूल्य अभिवृद्धि कर सम्बन्धी कार्यविधि, २०७९ मा संशोधन भएको व्यहोरा सबैलाई जानकारी गराउने विषयको सूचना

प्रस्तुत विषयमा मिति २०७९/०३/२२ को निर्णयानुसार यस विभागवाट स्वीकृत गरी लागू गरिएको विद्युतीय सेवा कर (डिजिटल सर्भिस ट्याक्स) सम्बन्धी कार्यविधि, २०७९ र गैरबासिन्दा व्यक्तिले प्रदान गर्ने विद्युतीय सेवामा मूल्य अभिवृद्धि कर सम्बन्धी कार्यविधि, २०७९ मा विभागको मिति २०८०/०२/०१ को निर्णयानुसार देहाय बमोजिम संशोधन गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ।

**विद्युतीय सेवा कर (डिजिटल सर्भिस ट्याक्स) सम्बन्धी कार्यविधि, २०७९ मा संशोधनः**

कार्यविधिको दफा ३ को खण्ड (ङ) पछि देहायको खण्ड (च) राखिएको छः

(च) कुनै उपभोक्ताले आफूलाई उपभोक्ता बाहेकको व्यक्तिको रुपमा गलत घोषणा गरी सेवा उपभोग गरेको खण्डमा निज उपभोक्ता नै जिम्मेवार हुनेछ।

**गैरबासिन्दा व्यक्तिले प्रदान गर्ने विद्युतीय सेवामा मूल्य अभिवृद्धि कर सम्बन्धी कार्यविधि, २०७९ मा संशोधनः**

- कार्यविधिको दफा ३ को खण्ड (घ) पछि देहायको खण्ड (ङ) राखिएको छः

  (ङ) कुनै उपभोक्ताले आफूलाई उपभोक्ता बाहेकको व्यक्तिको रुपमा गलत घोषणा गरी सेवा उपभोग गरेको खण्डमा निज उपभोक्ता नै जिम्मेवार हुनेछ।

- कार्यविधिको दफा ६ को बीजक तथा कारोबारको लेखाङ्कन सम्बन्धी व्यवस्थाको खण्ड (क) को पहिलो हरफको "बीजक जारी गर्न सक्नेछ" भन्ने शव्दहरु पछि "विक्रेताले आफ्नो नाम र स्थायी लेखा नम्बर, क्रेताको नाम र स्थायी लेखा नम्बर (उपलब्ध भएसम्म), मिति, सेवाको विवरण र मूल्य उल्लेख भएको जुनसुकै ढाँचामा बीजक जारी गर्न सक्नेछ।" भन्ने शब्दहरु थपिएका छन्।

- कार्यविधिको दफा ६ को बीजक तथा कारोबारको लेखाङ्कन सम्बन्धी व्यवस्थाको खण्ड (ग) को "परिवर्त्य विदेशी मुद्रामा प्राप्त गरेमा कारोबार भएको" भन्ने शब्दहरु पछिका शब्दहरु हटाएर "अवधिको परिवर्त्य विदेशी मुद्रामा हिसाब राखी विवरण पेश गरेको दिनको नेपाल राष्ट्र बैंकले तोकेको विनिमय दर बमोजिम उक्त विदेशी मुद्रा र सो को हुने नेपाली रुपैयाँमा कारोबारको लेखाङ्कन गर्नु पर्नेछ।" भन्ने शब्दहरु राखिएका छन्।

- कार्यविधिको अनुसूची-३ को बिक्री विवरण (एक्सेल फाइलमा अपलोड गर्न सकिने) खण्डमा "उपभोक्ताको नाम" भन्ने महल पछि "स्थायी लेखा नं (उपलब्ध भएकोमा)" भन्ने महल थप गरिएको छ।

- कार्यविधिको अंग्रेजी संस्करणको Schedule-3 मा "6(e) " शब्दको सट्टा "7(a)" शब्द राखिएको छ।